# मधेशी आयोग

ज्वागल, ललितपुर

प.सं.: २०८१।८२

च.नं.

फोन नं. ०१-५२६९१८५

टोल फ्रि नं. १६६००११६१८५


मितिः २०८१।०६।१६

प्रेस विज्ञप्ति

## शुभकामना !

*या देवी सर्वभुतेषु सर्वकार्य शिद्धिरुपेण संस्थिता।*
*नमतस्यै नमतस्यै नमतस्यै नमोनमः।।*

*प्रथमम् शैलपुत्री च द्वितीयम व्रम्हचारिणी*
*तृतीय चन्द्रघण्टति कुशमाण्डा चतुर्थयम्*
*पन्चम् स्कन्ध मातेती षष्ठम् कात्यायनी*
*सप्तम् कालरात्रेती महागौरी अष्टमम्*
*नवमम् शिद्धिदात्रीती नवदुर्गा साष्टांग नमामी।*

शास्वत सनातनीहरुको शैव, शक्ति र वैष्णवहरुका आराध्या र अपराजिता देवी दुर्गाको व्रत, उपवास र उपासना गरि असत्य माथि सत्यको विजय, असुरमाथि सुरको विजयको प्रत्यक्षानुभूति र जनानुभूति पर्व विजयादशमीको पर्व हो ।

माता दुर्गाले असुर महिषासुरको वध गरी सुर-देउताहरुलाई असुरको आतंकबाट भयमुक्त गरिन् र त्रेतायुगीन भगवान् रामले असुर रावणलाई बध गरी माता सीतालाई रावणेश्वर लंकाबाट मुक्त गरे। यी महानतम् दैविक कार्यहरुको प्रारम्भ आश्विनको शुक्ल प्रतिपदाका तिथिमा भएकोले प्रत्येक वर्ष आश्विन शुक्ल प्रतिपदाकै तिथिमा घटस्थापना गरि आरम्भ हुन्छ र विजयोत्सव नवमी तिथिमा शिद्धिदात्रीको पूजा गरी मनाउने धार्मिक परम्परा रहेको छ ।

यस पर्वले जनतामा सामाजिक र सांस्कृतिक सदभावलाई थप प्रगाढ बनाउन मद्दत गरेको छ । आर्थिक क्रियाकलापमा अत्यधिक वृद्धि हुने गरेकोले प्रत्येक वर्गको जीवनमा सजीवीकरण र संचारीकरण हुने गर्छ र हुन्छ पनि ।

फोन नं. ०१-५२६५१८५
टोल फ्रि नं. १६६००११६१८५

तर विगत केहि वर्षदेखि माता दुर्गाको पुजन र विर्सजन कार्यमा केहि विर्धमीहरुबाट अवरोध उत्पन्न गरि/गराई समाजमा अराजकता र शान्तिपूर्ण रहेको नेपाली समाजमा द्वेष फैलाउने अधर्मी कार्य गरेको देखिन्छ । यी अपराधिक र असामाजिक कार्यलाई सुरक्षा निकायहरूले निर्मुलीकरण गर्नै पर्छ । तथा, समयमै सचेत रहि ती असामाजिक तत्वहरुलाई कानुन बमोजिमको कारवाही गरोस् भनि अपेक्षा समेत गर्दछौं ।

अन्त्यमा, यस पावन पर्वले सबैमा खुशी, सम्पन्नता, सौहार्दता अपनत्व, माधुर्यता र आनन्दमा श्रीवृद्धि गरोस् ।

**हार्दिक मंगलमय शुभकामना अर्पण गर्दछौं ।**

जय जानकी जय जनपाल
जय वुद्ध जय नेपाल ।

मधेशी आयोग